
# परिचयः


Photo source: Google

नेपाली नामः गौरी गाई
अंग्रेजी नामः गौर
बैज्ञानिक नामः Bos gaurus
तौलः ६००-१००० किलोग्राम
लम्बाईः टाउको तथा शरिरको लम्बाई २.५ - ३.३ मिटर
उचाईः १.६५ देखि २.२५ मिं
शरिरको रङ्गः
टाउको हल्का खैरो
शरिरको रङ्ग कालो रङ्गको चम्किलो
खुट्टाको घुँडामुनिको भाग सेतो रङ्ग
आयुः २० देखि ३० वर्ष
बच्चाः १
बिचरण क्षेत्रः १५०० मिटर उचाईका भागहरु
संख्याः ४७३ (२०१६)
चितवन रा नि : ३६८
पर्सा रा नि : १०५

**मुख्य आहारा र बासस्थानः**

गौर एक शाकाहारी जनावर हो। चर्ने र ब्राउजर दुवै भएकोले, यसले मुख्यतया घाँस खान्छ जबकि पात, फोर्ब्स, मोटो र सुख्खा घाँसहरू यसको सामान्य आहारको लागि राम्रो पूरक हुन्। गौरले ठूला, अपेक्षाकृत अव्यवस्थित वन क्षेत्र, पहाडी भूभाग, पानीको उपलब्धता र घाँस, बाँस, झाडी र रूखको रूपमा प्रशस्त चाराहरू मन पराउँछन्। गौरलाई मूलतः पहाडी जनावरको रूपमा वर्णन गरिएको भएतापनि यो समतल क्षेत्रमा विशेषगरी सुख्खा मौसममा व्यापक रूपमा पाइन्छ। यिनिहरु सामान्यतया ५-१२ जनावरहरूको बथानमा बस्छन् ।

## विश्वमा गौरको अबस्था

ऐतिहासिक रुपमा गौरको मुख्य भूमि दक्षिण, दक्षिण पूर्वी एशिया र श्रीलङ्कामा रहेको थियो । हाल , यो दक्षिण र दक्षिण पूर्वी एशियामा भारत देखि प्रायद्धीप मलेशियामा,भारत,नेपाल,भुटान,बंगालादेश म्यानमार,थाइल्याण्ड,चीन,लाओस,कम्बोडिया, भियतनाम र मलेशियामा पाइन्छ । नेपालको चुरे भावर क्षेत्र गौर चितवन राष्ट्रिय निकुञ्ज ,पर्सा राष्ट्रिय निकञ्ज र त्रियुगा उपत्यकामा मात्र पाइन्छ ।

**कानूनी प्राब्धानः**

राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय कानूनमा गौर एक संरक्षित जनाबर हो ।यो CITES को अनुसूचि ३ मा सूचिकृत छ । IUCNको खतरा सूचि अन्तर्गत गौर संकटापन्न (Vulnerable )जनावर हो ।नेपालको राष्ट्रिय तथा बन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत गौर संरक्षित जीव हो ।यस ऐन अन्तर्गत गौर मार्ने वा घाइते बनाउनेलाई पाँच लाख देखि दश लाख रुपैँया सम्म जरिवाना वा पाँच बर्ष देखि पन्ध्र वर्ष सम्म कैद वा दुबै सजाय हुन्छ ।गौरले आक्रमण गरी घाइते बनाएको वा मृत्यु भएको अबस्थामा वा बालीनाली नोक्सान गरेमा राहत निर्देशिका २०३९ र छैठौं संशोधन २०७५ बमोजिम राहतको ब्यबस्था छ ।


Photo source: Gainda Gothalo



गौरको संरक्षण किन गर्ने?

- पारिस्थितिक प्रणालीको सन्तुलन गर्न
- प्रमुख प्रजाती बाघको लागि एक महत्त्वपूर्ण आहार भएकोले
- जैविक विविधताको संरक्षण गर्न
- भावी पुस्ताहरुले यसलाई प्राकृतिक बासस्थानमा देख्न पाउने सुनिश्चितता गर्न
- प्रकृतिमा आधारित पारिस्थितिक पर्यटनको बृद्धि गर्न




Photo source: Yam Mahato

गौर संरक्षणका चुनौतीहरु:

- गौरको बासस्थान खुम्चिनु ,बिनास हुनु तथा खण्डीकरण हुनु
- मिचाहा प्रजाति फैलिनु
- गौरको बासस्थानको अतिक्रमण
- अबैध रुपमा शिकार गरिनु
- जुनोटिक रोग र जलवायू परिवर्तको संभावित खतरा
- चुरिया क्षेत्रमा पैदावारको अधिकतम दोहन तथा चोरी निकासी






Photo source: Google

| गौर | गाई /गोरु |
|---|---|
| • शारिरिक बनौट ठूलो<br>• घुँडामूनिको भाग खैरो<br>• सिङ्गहरुको बीचको भागमा हल्का खैरो<br>• सिङ्ग हल्का पहेँलो सुन्तला रङ्गको | • शारिरिक बनौट गौरको भन्दा सानो<br>• घुँडा मुनिको भाग कालो<br>• सिङ्गहरुको बीचमा कालो<br>• सिङ्ग हल्का खैरो/ कालो रङ्गको |

kiranpoudel015@gmail.com

# गौरी गाई

## *(Bos gaurus)*



**अवधारणा :**
**किरण पौडेल**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
DEPARTMENT OF NATIONAL PARKS & WILDLIFE CONSERVATION • NEPAL

The Rufford Foundation
www.rufford.org @ruffordgrants